विरोध खतिवडा
Birodh Khatiwada

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

स्वास्थ्य तथा जनसंख्या मन्त्रीको नीजि सचिवालय

: ०१-४-२६२५३४
: 01-4-262534
फ्याक्स: ०१-४-२६२५६५
Fax: 01-4-262565
Website: www.mohp.gov.np
रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या(Ref. No.): चलानी नं.(Dispatch No.): मिति(Date):..............................

# ३४ औ विश्व एड्स दिवसको सन्दर्भमा सन्देश

आदरणीयदिदीबहिनीतथा दाजुभाईहरु

आधुनिक समाजमा समग्र मानव विकासको निम्ति चुनौतीको रुपमा रहेको एचआईभी को विश्वव्यापी महामारी नियन्त्रण प्रयासमा विगत दश बर्षमा नेपालले उल्लेखनीय उपलब्धी हासिल गरेको छ। यस अवधिमा नँया एचआईभी सक्रमण दर करिब ६३ प्रतिशतले घटेको छ भने एड्स बाट हुने मृत्यु ५५ प्रतिशतले घटेको छ। संक्रमणकालीन परिस्थति र चुनौतिपूर्ण परिवेशमा अथक प्रयासलाई निरन्तरता दिई सफलता हासिल गर्न योगदान गर्ने सम्पूर्ण स्वास्थ्यकर्मीहरु र सरोकारवाला निकायहरुलाई ३४ औ विश्व एड्स दिवसको अवसरमा धैरै धन्यवाद दिन चाहन्छु। हाम्रा यी उपब्धीहरुलाई कायम राख्दै दिगो विकास लक्ष्य प्राप्ती गर्ने मार्गमा सक्रियतापूर्वक अग्रसर हुन आग्रह पनि गर्दछु। एचआईभीको ९५-९५-९५को लक्ष्यहरु (९५ प्रतिशतएचआईभी सक्रमितहरुले सक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने ती मध्ये ९५ प्रतिशतले एआरभी औषधी उपचारमा पँहुच हुने र ती औषधी खानेहरु मध्ये ९५ प्रतिशतको शरीरमा भाईरसको भार न्यून हुने) लाई मूर्तरुप दिन टेवा पुग्ने अभिप्रायले यस बर्ष डिसेम्बर १ तारिखका दिन **" असमानता हटाऔ, एड्स अन्त्य गरौं"** ("End inequalities, End AIDS") भन्ने मूल नाराका साथ विश्व एड्स दिवस मनाइदै छ।

एचआईभीको कार्यक्रमहरुलाई थप प्रभावकारी गराउन र हाल गरिरहेका कार्यक्रमहरुलाई सुदृढीकरण गर्न हामी सबैको सहभागिता र सहर्कोय अति आवश्यक रहेको अवगत गराउदै आ-आफ्नो क्षेत्रबाट क्षेत्रबाट आवश्यक सहयोग गरिदिनहुन सबैमा हार्दिक अनुरोध गर्दछु। यस पवित्र कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सहयोग गर्न सदैव प्रतिबद्ध रहेको छ।

अन्त्यमा विश्व एड्स दिवस २०२१ को अवसरमा एचआईभीको रोकथाम तथा नियन्त्रणका लागि पु-याउनु भएको अमूल्य सहयोगका लागि सरोकारवाला सबैलाई पुन: धन्यवाद दिन चाहन्छु।

विरोध खतिवडा
मन्त्री
स्वास्थ्य तथा जनसंख्या